# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
## बिराटनगर, नेपाल

☎: ०२१-४६५२४०
इमेल : puoemgt@puexam.edu.np
वेबसाइट : www.puexam.edu.np


प.सं. : ६९१/०८०/०८१
च.नं. :

मितिः वि.सं. २०८१/२/२२
इ.सं. २०२४/६/४

श्री क्याम्पस प्रमुखज्यू,

तपसिलमा उल्लेखित विभिन्न संकाय अन्तर्गत विभिन्न शैक्षिक कार्यक्रम(हरु) सञ्चालन गर्ने यस विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त सम्पूर्ण क्याम्पस/कलेज/स्कूलहरु

**विषयः नाम–दर्ता (Registration) बारे ।**

उपरोक्त विषयमा, यस विश्वविद्यालयद्वारा शैक्षिक वर्ष २०८०/०८१ (ई.सं. २०२३ समूह)का लागि तपसिलमा उल्लेखित विभिन्न संकाय अन्तर्गत विभिन्न शैक्षिक कार्यक्रमहरूको प्रथम सेमेस्टर/वर्षमा प्रवेश लिएका विद्यार्थीहरूको विश्वविद्यालयमा नामदर्ता (Registration) गर्न गराउन सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक एवं स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरुको रजिस्ट्रेशन फर्म भर्ने भराउने सम्बन्धी निर्देशिका* मा निर्दिष्ट प्रक्रिया अनुसार विश्वविद्यालयद्वारा स्वीकृत सीट संख्या (Quota) भित्र रही यस कार्यालयद्वारा तोकिएको Online Website मार्फत भर्ना हुन आएका सम्पूर्ण विद्यार्थीहरूको आवश्यक विवरण भरी तथा सम्बन्धित विद्यार्थीहरूमार्फत तोकिएको रजिस्ट्रेशन फर्म भरी/भराई उक्त निर्देशिका*मा उल्लेख भए अनुसारका प्रमाणपत्रहरू र आवश्यक शुल्कको बैंक भौचरसहित मिति २०८१/३/२१ (ई.सं. २०२४/७/५) गते भित्र सोही निर्देशिका*मा उल्लेखित माध्यमबाट यस कार्यालयमा बुझाउन हुन जानकारी गराउँदछु ।

पुनश्चः तोकिएको समय भित्र रजिस्ट्रेशन फर्म भर्न भराउन छुट भएका विद्यार्थीहरूको नियमानुसार लाग्ने शुल्कको दोब्बर दस्तुर सहित मिति २०८१/३/२८ (ई.सं. २०२४/७/१२) गते भित्र उपरोक्तानुसार (Online समेत) रजिस्ट्रेशन फर्म भरी भराई जम्मा हुन आएको रकमको बैंक भौचरसाथ उक्त रजिस्ट्रेशन फर्म(हरु) सोही निर्देशिका*मा उल्लेखित माध्यमबाट यस कार्यालयमा बुझाउनु पर्नेछ ।

नोटः रजिस्ट्रेशन फर्महरू यसै पू.वि., परीक्षा व्यवस्थापन कार्यालय तथा सिनामंगल, काठमाडौं स्थित पू.वि., परीक्षा व्यवस्थापन इकाइ कार्यालय मार्फत उपलब्ध गराइनेछ ।

साथै, माथि उल्लेखित सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक एवं स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरुको रजिस्ट्रेशन फर्म भर्ने भराउने सम्बन्धी निर्देशिका* यस परीक्षा व्यवस्थापन कार्यालयको website (www.puexam.edu.np) मार्फत् उपलब्ध गर्न सकिने छ । तथा, रजिस्ट्रेशन फर्महरू समेत सोही website बाट download गरी प्रयोग गर्न सकिनेछ ।
तथा, नाम-दर्ता (Registration) सम्बन्धी आवश्यक सोधपुछका लागि यस कार्यालयको फोन नं. ०२१- ४६४५०२ मा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**

| संकाय | तह | शैक्षिक समूह (इ.सं.) | परीक्षा प्रणाली | टिप्पणी |
|---|---|---|---|---|
| कानून | स्नातक | २०२३ | वार्षिक | |
| कानून | स्नातकोत्तर | २०२३ | वार्षिक | |
| व्यवस्थापन | स्नातक | २०२३ | वार्षिक | |
| कला | स्नातक | २०२३ | वार्षिक | BA in English |

.....................
बालेन्दु हमाल
(परीक्षा नियन्त्रक)